नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्या

च.नं.

## प्रेस विज्ञप्ति

आज मिति २०८३ असार २३ गते (तदनुसार ७ जुलाई २०२६) माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री गौरी कुमारीज्यूसँग जनवादी गणतन्त्र चीनको वाणिज्य मन्त्रालयका उपमन्त्री महामहिम **Yan Dong** को नेतृत्वमा नेपाल भ्रमणमा रहेको उच्चस्तरीय चिनियाँ प्रतिनिधिमण्डलले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबारमा शिष्टाचार भेटघाट गर्नुभयो।

भेटवार्ताका क्रममा माननीय मन्त्रीज्यूले नेपाल र चीनबीच विद्यमान घनिष्ठ, मैत्रीपूर्ण तथा बहुआयामिक सम्बन्धलाई अझ सुदृढ बनाउँदै आर्थिक तथा व्यापारिक सहकार्यलाई थप प्रभावकारी, परिणाममुखी र दिगो बनाउन नेपाल सरकार प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले दुई देशबीच व्यापार, लगानी, औद्योगिक विकास, पूर्वाधार निर्माण, व्यापार सहजीकरण, सीमापार पूर्वाधार विकास, निजी क्षेत्रबीचको सहकार्य तथा आपूर्ति शृङ्खला सुदृढीकरणका क्षेत्रमा सहकार्य विस्तार गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। साथै, नेपालमा सिर्जना गरिएको लगानीमैत्री वातावरण, कानुनी तथा नीतिगत सुधार तथा औद्योगिक विकासका सम्भावनाबारे जानकारी गराउँदै उत्पादनमूलक क्षेत्रमा चिनियाँ लगानी थप अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो।

चिनियाँ पक्षका तर्फबाट उपमन्त्री महामहिम **Yan Dong** ले नेपाल-चीनबीचको द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ बनाउँदै आर्थिक तथा व्यापारिक सहकार्यलाई नयाँ उचाइमा पुऱ्याउन जनवादी गणतन्त्र चीन सदैव प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले दुवै देशबीच रहेका सरकारीस्तरका द्विपक्षीय संयन्त्रहरूबिच नियमित संवाद र बैठकमार्फत सहकार्यलाई अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। साथै, नेपाललाई चीनमा आयोजना हुने व्यापार मेला तथा एक्स्पोहरूमा सहभागी गराउन आवश्यक सहजीकरण गर्ने, तातोपानी तथा रसुवा नाकामा व्यापारिक पूर्वाधारको निर्माण तथा पुनर्निर्माणमा सहयोग प्रदान गर्न चीन सकारात्मक रहेको उल्लेख गर्नुभयो।

उहाँले नेपालमा वैदेशिक लगानी प्रवर्द्धनका लागि चीन सरकार सहयोग गर्न इच्छुक रहेको बताउँदै दक्षिण एसियाका अन्य मुलुकहरूमा जस्तै नेपालका सम्भावित निर्यातयोग्य वस्तुहरू विशेष गरी चिया, जडीबुटी तथा अन्य उत्पादनहरूको सम्भाव्यता सम्बन्धी संयुक्त अध्ययन गर्न सकिने धारणा राख्नुभयो। साथै, सन् १९७८ पछि चीनले अवलम्बन गरेको खुला आर्थिक नीति, वैदेशिक लगानी प्रवर्द्धनका लागि प्रदान गरिएका कर सहुलियत, व्यावसायिक वातावरण सुधार तथा प्रशासनिक सहजीकरणबाट प्राप्त सफलताहरू नेपालका लागि पनि उपयोगी हुन सक्ने उल्लेख गर्दै व्यापार तथा आर्थिक सुधारका लागि नेपालले एकीकृत अवधारणा अवलम्बन गर्नुपर्ने सुझाव दिनुभयो।

उपमन्त्री महामहिम Yan Dong ले नेपालको वैदेशिक प्रत्यक्ष लगानीका प्रमुख स्रोत मुलुकमध्ये चीन अग्रणी रहेको उल्लेख गर्दै चिनियाँ व्यापारी तथा लगानीकर्ताका लागि एकद्वार सेवा प्रणालीमार्फत थप सहज, पारदर्शी र लगानीमैत्री वातावरण सुनिश्चित गर्न सकेमा नेपालमा चिनियाँ लगानी अझ वृद्धि हुने विश्वास व्यक्त गर्नुभयो। साथै, नेपालको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र चीनको वाणिज्य मन्त्रालयको साझा उद्देश्य व्यापार तथा लगानी प्रवर्द्धन रहेको उल्लेख गर्दै आगामी दिनमा दुवै पक्षबीच थप समन्वय र सहकार्य आवश्यक रहेको धारणा राख्नुभयो।

भेटवार्तामा नेपाल र जनवादी गणतन्त्र चीनबीच विद्यमान घनिष्ठ मित्रता, आर्थिक साझेदारी तथा जनस्तरमा रहेको सम्बन्धलाई थप विस्तार गर्दै आपसी हितका क्षेत्रहरूमा सहकार्यलाई अझ सुदृढ बनाउने विषयमा छलफल भयो।

मिति: २०८३ असार २३ गते मंगलबार।

...................

नेत्र प्रसाद सुबेदी

सहसचिव तथा प्रवक्ता